लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.

## स्नातक तहमा अध्ययनको लागि छात्रवृत्ति (शिक्षण शुल्क मात्र) को लागि आवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

मिति: २०८३/०३/३०

काठमाडौं विश्वविद्यालय केन्द्रीय कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकको स्नातक तहमा छात्रवृत्तिका लागि विद्यार्थी सिफारिस गरिदिने विषयक पत्रको आधारमा लुम्बिनी प्रदेश स्थायी ठेगाना भई काठमाडौं विश्वविद्यालय, धुलिखेल अन्तर्गत देहाय बमोजिमको विषयहरूमा शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र मिति २०८३ श्रावण १२ गते साँझ ५:०० बजेसम्म तोकिएको ढाँचामा आवेदन पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

**छात्रवृत्ति दिइने विषय र कोटा:**

| क्र.सं. | विषय | कोटा | कैफियत |
|---|---|---|---|
| १. | B.Sc. in Environmental Science | १ जना | शिक्षण शुल्क मात्र निःशुल्क |
| २. | B.Sc. in Agriculture | १ जना | शिक्षण शुल्क मात्र निःशुल्क |
| ३. | Bachelor in Health Informatics | १ जना | शिक्षण शुल्क मात्र निःशुल्क |
| ४. | B.E. in Mining Engineering | १ जना | शिक्षण शुल्क मात्र निःशुल्क |
| ५. | B.E. in Chemical Engineering | १ जना | शिक्षण शुल्क मात्र निःशुल्क |
| ६. | B.E. in Environmental Engineering | १ जना | शिक्षण शुल्क मात्र निःशुल्क |
| जम्मा | | ६ जना | |

**शर्तहरू:**

क. सम्बन्धित छात्रवृत्तिमा आवेदन पेश गर्ने विद्यार्थीको स्थायी ठेगाना लुम्बिनी प्रदेश अन्तर्गतको जिल्ला हुनुपर्नेछ।

ख. छनौट भएमा विद्यार्थीहरूको छात्रवृत्ति रकम अन्तर्गत शिक्षण शुल्क (Tuition fee) मात्र पूर्ण रुपमा निःशुल्क हुनेछ, अन्य शुल्क विद्यार्थीले विश्वविद्यालयलाई नियमानुसार बुझाउनुपर्नेछ।

ग. छात्रवृत्तिमा आवेदन पेश गर्दा सम्बन्धित आवेदनले पेश गरेको सम्पूर्ण कागजातको प्रतिलिपि आफैले प्रमाणित गर्नुपर्नेछ।

घ. यो छात्रवृत्ति कार्यक्रममा विज्ञान संकायमा कक्षा १२ उत्तीर्ण भएका विद्यार्थीहरू मात्र समावेश हुन पाउनेछन्।

लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.

**विद्यार्थीले आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**

क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि/नागरिकता नबनेको भए जन्मदर्ताको प्रतिलिपि।

ख. शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि।

ग. विपन्न विद्यार्थीको हकमा स्थानीय तहको सिफारिस।

घ. छात्रवृत्ति प्राप्त गर्ने विषयगत प्राथमिकता क्रम।

ङ. आफूले अध्ययन गरेको विद्यालय सरकारी वा निजी खुल्ने कागज वा विद्यार्थीले गरेको स्वघोषणा।

च. स्थानीय तहको आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा बञ्चितिमा परेका लोपोन्मुख, दलित, अपाङ्गता, आदिवासी जनजाति भनी सिफारिस पत्र।

**छात्रवृत्तिका लागि छनौटको आधारहरू:**

**क. शैक्षिक योग्यताको प्रासांक बापत अधिकतम ६० अंकः**

| GPA | ३.६-४.० | ३.२-३.६ | २.८-३.२ | २.४-२.८ |
|---|---|---|---|---|
| प्राप्ताङ्क | ६० | ५५ | ५० | ४५ |

**ख. स्थानीय तहले आर्थिक रुपमा विपन्न भनी सिफारिस गरेको आधारमा अधिकतम २० अंकः**

१. स्थानीय तहले आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा बञ्चितिमा परेका लोपोन्मुख, दलित, अपाङ्गता, जनजाति भनी सिफारिस गरेको भएमा - २० अंक

२. स्थानीय तहले आर्थिक रुपमा विपन्न भनी सिफारिस गरेको सिफारिस भएमा - १८ अंक

३. आर्थिक रुपमा विपन्न भन्ने सिफारिस नभएमा - १६ अंक

**ग. सामुदायिक सरकारी र संस्थागत विद्यालयमा अध्ययन गरेको भएम अधिकतम २० अंकः**

१. सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण भएको अवस्थामा - १० अंक

२. संस्थागत विद्यालयबाट SEE उत्तीर्ण भएको अवस्थामा - ६ अंक

३. सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण भएको अवस्थामा - १० अंक

४. संस्थागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण भएको अवस्थामा - ६ अंक

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.

**आवेदनको नमूना ढाँचा**

मितिः २०८३/ /

श्रीमान् सचिवज्यू,
सामाजिक विकास मन्त्रालय,
राप्ती उपत्यका(देउखुरी), नेपाल।

**विषयः काठमाडौं विश्वविद्यालयको छात्रवृत्ति (शिक्षण शुल्क) का लागि आवेदन पेश गरेको सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तँहा मन्त्रालयको मिति २०८३/०३/३० गतेको सार्वजनिक सूचना बमोजिम म लुम्बिनी प्रदेश, .............................. जिल्ला, .................................... नगरपालिका/गाउँपालिका, वडा नं ........ को स्थायी बासिन्दा हुँ। मैले वि.सं. .......................... सालमा विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण गरी कुल ................ GPA प्राप्त गरेको छु। मन्त्रालयबाट प्रकाशित सूचना र शर्तहरूको पूर्ण पालना गरी काठमाडौं विश्वविद्यालयबाट प्रदान गरिने शिक्षण शुल्क छात्रवृत्तिमा छनोट भई अध्ययन गर्न इच्छुक भएकोले देहाय बमोजिम विषयको प्राथमिकताक्रम निर्धारण गरी यो आवेदन पेश गर्दछु।

**अध्ययन गर्न चाहेको विषयको प्राथमिकताक्रमः**

*(आफूले पढ्न चाहेको विषय बमोजिम प्राथमिकरणमा १, २, ३ नम्बर राखी प्राथमिकता तोक्नुहोस्)*

| विषय | प्राथमिकरण |
|---|---|
| B.Sc. in Environmental Science | |
| B.Sc. in Agriculture | |
| Bachelor in Health Informatics | |
| B.E. in Mining Engineering | |
| B.E. in Chemical Engineering | |
| B.E. in Environmental Engineering | |

**निवेदक**

**नामः**

**सम्पर्क नंः**

**इमेलः**

**हस्ताक्षरः**

**संलग्न कागजातः**

१. नेपाली नागरिकताको प्रमाणपत्र/जन्मदर्ताको फोटोकपी।
२. स्थानीय तहले प्रदान गरेको आर्थिक रुपले विपन्न सिफारिस पत्र।
३. कक्षा १२ उत्तीर्ण गरेको मार्कसिट, चारित्रिक प्रमाण पत्र सहितका आवश्यक अन्य कागजात।
४. स्थानीय तहको आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा बञ्चितिमा परेका लोपोन्मुख, दलित, अपाङ्गता, जनजाति भनी सिफारिस पत्र।

**Kathmandu University**
School of Science

मितिः २०८३/०४/०४

श्री प्रमुखज्यू,
सम्पूर्ण उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरु
लुम्बिनी प्रदेश, नेपाल

विषयः **B.Sc. in Environmental Science अध्ययनका लागि लुम्बिनी प्रदेश सरकार मार्फत छात्रवृत्तिको अवसर।**

उपर्युक्त सम्वन्धमा काठमाडौं विश्वविद्यालयको तर्फवाट यस विश्वविद्यालयमा अध्यापन हुने ***B.Sc. in Environmental Science*** लगायत अन्य उल्लेखित विषयहरुमा सामाजिक विकास मन्त्रालय, लुम्विनी प्रदेश सरकारको सिफारिसमा यस विश्वविद्यालयवाट छात्रवृत्ति प्रदान गर्ने व्यहोरा जानकारी गराउँदछौं।

सो सम्वन्धी सूचना सम्बन्धित मन्त्रालयले प्रकाशन गरिसकेको छ, प्रकाशित सूचना यसै इमेल मार्फत पनि पठाएका छौं। सो सूचना अनुसार इच्छुक विद्यार्थीहरुले **आवेदन बुझाउने अन्तिम मिति २०८३ श्रावण १२** गते रहेको व्यहोरा ध्यानाकर्षण गराउँदछौं। त्यसैले आफ्नो पालिका भित्रका १०+२ वा सो सरह उत्तीर्ण गरेका तथा ***B.Sc. in Environmental Science*** अध्ययन गर्न इच्छुक विद्यार्थीहरुलाई यो अवसर बारे जानकारी गराई अध्ययनका लागि प्रोत्साहित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

वातावरण विज्ञान एक अन्तर बिषयक तथा व्यवहारमुखी बिषय हो, जसले बैज्ञानिक ज्ञानलाई व्यवहारिक समाधानसंग जोड्दै जलवायु परिवर्तन, जैविक विविधता संरक्षण, जलस्रोत व्यवस्थापन, प्रदुषण नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा दीगो विकास जस्ता समसामयिक चुनौतिहरुको समाधानका लागि दक्ष जनशक्ति तयार गर्दछ। यस विषयका स्नातकहरुले सरकारी निकाय, अनुसन्धान संस्था, गैरकारी संस्था, उद्योग, परामर्शदाता संस्था, अन्तर्राष्ट्रिय संघसंस्था तथा कम्पनीहरुमा विविध रोजगारीका अवसरहरु प्राप्त गर्न सक्छन्।

यस प्रदेश स्तरीय छात्रवृत्तिको अलवा काठमाडौं विश्वविद्यालयले ***B.Sc. in Environmental Science*** अध्ययनका लागि अन्य विविध छात्रवृत्ति योजनाहरु समेत उपलब्ध गराउँदै आएको छ, जसको विवरण यसै साथ संलग्न गरी पठाएका छौं। छात्रवृत्तिका लागि प्रदेश तहवाट सिफारिस हुन नसकेका विद्यार्थीहरुले पनि यस विश्वविद्यालयवाट प्रदान गरिने छात्रवृत्तिका अवसरहरुका वारेमा जानकारी प्राप्त गरी सो अवसर लिएर अध्ययन गर्न सकुन भन्ने हाम्रो धारणा रहेको छ।

***B.Sc. in Environmental Science*** मा भर्ना प्रक्रिया तथा छात्रवृत्ति सम्वन्धी थप जानकारी आवश्यक परेमा सम्पर्कका लागि हार्दिक अनुरोध गर्दछौं।

डा. स्मृती गुरुङ
विभागिय प्रमुख, वातावरण विज्ञान विभाग
काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलान्चोक
इमेल : ese_admission@ku.edu.np / ese_hod@ku.edu.np
सम्पर्क : ९७१२०१२६६६/९८२०१०८००३

# SCHOLARSHIP ANNOUNCEMENT

## B.Sc. in Environmental Science

### KATHMANDU UNIVERSITY
### SCHOOL OF SCIENCE

| | In tuition fee |
|---|---|
| 7 seats | 100% (Provincial) |
| 1 seat | 75% (Entrance topper) |
| 5 seats | 50% (Merit Basis) |
| 4 seats | 25% (Merit Basis) |
| 3 seats | Need Basis (1 x 50%, 2 x 25%) |

**CANDIDATES MAY CHANGE THEIR APPLIED PROGRAM FROM JULY 29-30, 2026 THROUGH THE ONLINE APPLICATION PORTAL**

SCAN HERE

For detailed information, contact: 9712012666/9820108003